# आर्थिक समितिद्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को

# वार्षिक प्रगति प्रतिवेदन-२०८१

मालिका गाउँपालिका

## मालिका गाउँपालिका
## अर्खावाङ्ग,गुल्मी

गाउँसभामा पेस गरेको मितिः २०८१।०३।०८ गते।

**आदरणीय सभाध्यक्ष ज्यू,**

आदरणीय सभा-सदस्यज्यूहरु, गाउँबासी तथा उपस्थित सम्पूर्ण महानुभावहरू, आर्थिक विकास समितिको संयोजकको तर्फबाट स्विकार्नुहोस न्यानो नमस्कार!

सर्वप्रथम, म यस सभाका सभाध्यक्ष ज्यू लाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु, जसले गर्दा हामी यहाँ यो महत्वपूर्ण सभामा उपस्थित हुन सकिरहेका छौं। आजको यो विशेष अवसरमा, म गाउँको आर्थिक विकास समितिको प्रतिवेदन पेश गर्न लागेको छु।

**सभा-सदस्यज्यूहरु,**

गत वर्ष हाम्रो समितिले आर्थिक विकासको दिशामा अनेकौं पहलहरू गऱ्यो। हामीले ग्रामिण अर्थतन्त्रलाई सुदृढ पार्ने र गाउँको समग्र विकासलाई गति दिने उद्देश्यले विभिन्न परियोजनाहरू सञ्चालन गऱ्यौं। अहिले, म ती परियोजनाहरूको मुख्य उपलब्धिहरू र भविष्यका योजनाहरूको संक्षेपमा जानकारी दिन चाहन्छु।

सबैभन्दा पहिले, कृषि क्षेत्रमा सुधार गर्नका लागि हामीले आधुनिक कृषि प्रविधिहरूको उपयोग गर्न थाल्यौं। यस अन्तर्गत, किसानहरुलाई उन्नत बीउबिजन र मलको व्यवस्था गरिएको छ। यसले हाम्रो उत्पादनमा वृद्धि भएको छ र किसानहरूको आम्दानीमा पनि सकारात्मक प्रभाव परेको छ।

वर्तमानमा, हाम्रो गाउँमा लघु उद्यमहरूको विकासलाई पनि प्रोत्साहन दिइएको छ। विशेष गरी, महिलाहरूलाई स्वरोजगारका लागि सीपमूलक तालिमहरू प्रदान गरिएको छ। यसले महिला सशक्तिकरणमा महत्वपूर्ण भूमिका खेलेको छ।

समितिको प्रतिवेदन अनुसार, आगामी वर्षका लागि केही महत्वपूर्ण योजनाहरू अगाडि सारिएको छ। पहिलो प्राथमिकता, कृषि तथा पशुपालनलाई दिइएको छ, जसले गर्दा गाउँपालिका कृषि र पशुजन्य उत्पादनमा आत्मनिर्भर बन्नेछ। दोस्रो प्राथामिकता, ग्रामीण पर्यटनको विकास लाई दिइएको छ, जसले हाम्रो गाउँको प्राकृतिक सौन्दर्य र सांस्कृतिक धरोहरलाई प्रवर्द्धन गर्नेछ। साथै, साना तथा मझौला उद्योगहरूको स्थापना गरी रोजगार सृजनामा योगदान गर्नेछ।

समाप्तिमा, म सबै गाउँबासीहरूलाई हाम्रो आर्थिक विकासको यात्रामा साथ दिन हार्दिक अनुरोध गर्न चाहन्छु। यहाँहरूको समर्थन र सहकार्य बिना हाम्रो लक्ष्य प्राप्त गर्न असम्भव छ।

यहाँहरूको समय र ध्यानका लागि धन्यवाद।

जय मालिका! जय देश!

धन्यवाद।

## आर्थिक विकास समितिका पदाधिकारिहरुः

सुर्य बहादुर जि.सी (वडा नं ८- वडा अध्यक्ष)--------------------------------संयोजक

दिपक श्रीस (वडा नं १ वडा अध्यक्ष)--------------------------------------- सदस्य

लक्ष्मी के.सि (कार्यपालिका सदस्य)----------------------------------------- सदस्य

बसन्त भुसाल (पशु सेवा शाखा)-------------------------------------------- सदस्य

दिपक अर्याल (कृषि विकास शाखा)----------------------------------------- सदस्य-सचिव

मालिका गाँउपालिका

## १. पृष्ठभुमीः

नेपाल एकात्मक तथा केन्द्रिकृत शासन व्यवस्थाबाट संघिय लोकतान्त्रिक गणतान्त्रिक मुलुकको रुपमा रुपान्तरित भएको छ। संघीय व्यवस्था अनुसार नेपालमा संघ, प्रदेश र स्थानिय तहको गठन भएको छ, जसमा गुल्मी जिल्लामा १२ स्थानिय तहको गठन भएको छ । भौगोलिक रुपमा मध्य पहाडमा अवस्थित ९२.४९ वर्ग कि.मी को विशाल क्षेत्रफलमा फैलिएको यो गाउँपालिकाको जनसंख्या २०,०७५ रहेको छ । स्थानियवासीहरुलाई सर्वसूलभ ढंगले सेवा उपलब्ध गराउन यो गाउँपालिकालाई जम्मा ८ वटा वडामा विभाजन गरिएको छ । पूर्वमा मुसिकोट नगरपालिका र इस्मा गाउँपालिका, पश्चिममा प्युठान जिल्लाको गौमुखी गाउँपालिका र गुल्मीको मदाने गाउँपालिका, उत्तरमा बाग्लुङको बडिगाड र दक्षिणमा धुर्कोट गाउँपालिका रहेका छन।

स्थानीय तहमा आर्थिक निति तथा योजना, आर्थिक विकास पूर्वाधार, आर्थिक सशक्तिकरण र उद्यमशिलता तथा औद्योगिक प्रवर्द्धन जस्ता स्थानीय आर्थिक विकासका पक्षहरुको समग्र अवस्थाको स्थिति बाट स्थानीय आर्थिक विकासको प्रवर्द्धनमा सहयोग पुर्‍याउन यस मालिका गाउँपालिका भित्र संचालित ८ वटा शाखा (कृषि विकास, पशुपन्छी विकास, घरेलु तथा साना उद्योग, वन पैदावार तथा खनिज सम्पदा, पर्यटन विकास, सहकारी विकास, वाणिज्य तथा आपूर्ति, श्रम तथा रोजगार र गरिबी निवारण) लाई समेटि आर्थिक समिति गठन गरिएको ।

**नितिहरुः**

१. स्थानीय उद्योग, व्यापार, र व्यवसायको समृद्धिका लागि नीति र योजना तयार गरि उद्योगी अनुकूलन, व्यापार सुविधाको विकास, र स्थानीय विकासमा सहयोग प्रदान गर्ने।

२. सामाजिक समृद्धिका प्रवर्द्धन, समुदाय उपयुक्त सेवाका विकास, र स्थानीय समुदायको सामूहिक विकासका लागि मार्ग दर्शन गर्न

३. स्थानीय स्तरमा प्राकृतिक संसाधनको सुरक्षा, विकास, र प्रबन्धनका लागि नीति तर्जुमा गरि पानी, ऊर्जा, वन्यजन्तु, र प्राकृतिक संसाधनहरूको उपयोग र संरक्षणका लागि योजनाहरू तयार गर्ने।

४. स्थानीय समुदायको आर्थिक प्रबन्धको व्यवस्थापन गर्ने स्थानीय संस्थाहरू, ग्रामीण बैंक, र सामुदायिक निकायहरूको आर्थिक वित्तीय व्यवस्थापन, र समृद्धि गराउने ।

५. आर्थिक समियतिको मातहतमा संचालित शाखाहरुलाई मार्ग दर्शन एवम् पृष्ठपोषण दिने

यस आ.व.मा आर्थिक विकास समितिको १० वटा बैठकहरु बसि मुख्य रुपमा निम्न विषयहरुमा छलफल तथा निरणय गरियो।

मालिका गाउँपालिका

**छलफल तथा निर्णयका मुख्य विषयहरूः**

१. गाउँपालिकामा दर्ता नभई संचालित व्यवसायहरुलाई दर्ताको दायरामा ल्याउने,

२. सहकारिहरुको क्षमता वृद्धि गर्न सहकारी र गाउँपालिका संग समन्वयन तथा आवश्यक तालिम प्रदान गर्ने।

३. सुत्केरी भैंसि लाई भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि उपर छलफल

४. प्रोत्साहन तथा सम्मान कार्यक्रम कार्यविधि (उत्कृष्ट कृषक, उद्यम) उपर छलफल

५. कृषि तथा पशुपन्छी जन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि उपर छलफल

६. आर्थिक समिति अन्तर्गत संचालित शाखाको काम कारवाहिलाई प्रभावकारि बनाउन आवश्यक पृष्ठपोषण प्रदान गर्ने।

७. मासिक र वार्षिक रुपमा शाखाहरुको प्रगति समिक्षा गर्ने।

८. आगामि आ.व. को लागी कार्यक्रम को माग गर्

**२. आर्थिक विकास समितिको कार्यक्षेत्रः**

१. कृषि विकास

२. पशुपन्छी विकास

३. घरेलु तथा साना उद्योग

४. वन पैदावार तथा खनिज सम्पदा

५. पर्यटन विकास

६. सहकारी विकास

७. वाणिज्य तथा आपूर्ति

८. श्रम तथा रोजगार र गरिबी निवारण

**३. कार्यसम्पादनः**

- ✓ यस आर्थिक विकास समिति मातहतका शाखाबाट यस आ.व. २०८०/०८१ मा भएका कार्यसम्पादन निम्नअनुसार रहेका छन।

मालिका गाउँपालिका

**क. कृषि विकास शाखाः**

मालिका गाउँपालिका भित्र गाउपालिकाको ७५% र कृषकको २५% लागत साझेदारिमा टनेल वितरण कार्यक्रम गरिएकोमा उक्त कसर्यक्रम बाट गाउँपालिका भित्रका कुल १५६ कृषक परिवार लाभान्वित भएका छन।

निःशुल्क आकस्मिक वालि संरक्षण सेवा अन्तर्गत गाउँपालिकाको वडा नं ६,७,८ मा धानको गभारो नियन्त्रणका लागि विषादि खरिद एवंम् वितरण गरिएकोमा उक्त कार्यक्रम बाट करिब ६०० कृषक परिवार लाभान्वित भएका छन।

आ.व. २०७९/०८० मा स्थापित वर्षे आलु पकेट निरन्तरता कार्यक्रम अन्तर्गत गाउँपालिकाको ७ वटा वडाका २०० कृषकलाई ३०० क्विन्टल आलु विउ वितरण गरिएको छ।

गाउँपालिकाको वडा नं १ देखि ५ सम्मका करिब २८०० घरधुरिका कृषकहरुलाई किसान सूचिकरण प्रणालीमा आवद्ध गराउने उद्देश्यले वडा नं १ देखि ५ सम्म किसान सूचिकरण कार्यक्रम संचालन गरिएकोमा १८६९ जना किसानहरुलाई उक्त प्रणालीमा सूचिकृत गरिएको छ।

प्रोत्साहन एवम् सम्मान कार्यक्रम अन्तर्गत गाँउपालिका भित्रका कुल १६ जना उत्कृष्ट कृषि तथा पशुपालक कृषकहरु लाभान्वित भएका छन।

बाली कटानी तथा रिपोटिङ्ग कार्यक्रम अन्तर्गत खाद्यान्न (धान, गहुँ, मकै) वालिको उत्पादनको तथ्याङ्क संकलन गरिएको छ।

ओखर पकेट कार्यक्रम अन्तर्गत मालिका गाउँपालिकाको वडा नं ५ का ८ जना कृषकको बाँझो वारिमा ५०० दाँते ओखरका विरुवा रोपण गरिएको छ।

खाद्यान्न वालिको उन्नत विउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत गाउँपालिकाको विभीन्न वडाहरुमा ५०% लागत साझेदारिमा धान, गहुँ र मकैको उन्नत बिऊ वितरण गरिएको छ।

कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम अन्तर्गत वालि वस्तुको तथ्याङ्क संकलन कार्य भईरहेको छ।

मालिका गाउँपालिकाको वडा नं २,६ र ८ मा एकिकृत घुम्ति शिविर संचालन गरिएकोमा उक्त शिविरबाट कुल ७६३ जना कृषकहरुले लाभ लिएका छन।

**ख. पशुपन्छी विकास तर्फः**

१. मालिका गाउँपालिका अन्तर्गत पहिलो बेत व्याउने भैसीलाई सुत्केरि भत्ता कार्यक्रम अन्तर्गत १५६ जना किसान लाभान्वित भएका छन् ।

२. मालिका गाउँपालिका अन्तर्गत माहामारि आकास्मिक रोग विरुद्ध बाख्राको लागि ८००० डोज पि.पि.आर खोप, गाई-गोरु का लागि ६०० लम्पी स्किन विरुद्ध खोप, गाई भैसीलाई ३००० डोज खोरेत रोग विरुद्ध खोप,त्रङ १०००० कुखुरालाई रानिखेत विरुद्ध खोप र २०० कुकुर को लागि रेविज खोप लगाउने काम सम्पन्न भएको छ ।

३. एकिकृत घुम्ति शिविर अन्तर्गत मालिका गाउँपालिका वडा नं.२,६र ८ का करिव ५८४ जना कृषकलाई आन्तरिक तथा बाह्यय परजिविको औषधि वितरण र ७१ गोवरको नमुना परिक्षण रोग निवारण कार्य सम्पन्न भएको छ ।

४. कृत्रिम गर्भाधान सेवा विस्तार गर्ने उद्देश्यले कृत्रिम गर्भाधानका लागि आवश्यक सामाग्रि खरिद कार्य सम्पन्न भएको छ ।

५. मालिका गाउँपालिकामा भुई तथा डाले घाँस प्रशस्त उपलब्ध गराउने उद्देश्यले वडा नं.५ मा घाँस श्रोत केन्द्र स्थापन गरिनुका साथै परियोजना मार्फत वडा नं.१ २र ३ का २८८ घर परिवार लाई उन्नत जातका भटमासे,मेदुला ,ईन्दु ,राई र ल्यावल्याव घाँस विउ वितरण कार्यक्रम सञ्चालन गरिएको छ ।आगामि वर्ष गाउँपालिका अन्तर्गतका सम्पुर्ण वडाका व्यवसायिक कृषक लाई घाँस वितरण कार्य हुनेछ ।

६. पशुजन्य औषधि उपलब्ध गराउने उद्देश्यले मालिका गाउँपालिका सम्पुर्ण वडा बाट पशु जन्य औषधि वितरण कार्य अगाडि बढाईएको छ ।

## परियोजना तर्फ

१. परियोजना मार्फत मालिका गाउँपालिका सम्पुर्ण वडाका १२२८ कृषक लाई कृषि तथा पशुपालन तालिम सम्पन्न भएको छ ।

२. मालिका गाउँपालिका अन्तर्गत व्यवसायिक रुपमा बाख्रा पालक कृषकलाई थप सहयोग गर्ने उद्देश्यले ८७ घर परिवार लाई बाख्रा वितरण कार्य सम्पन्न भएको छ ।

३. नश्ल सुधार गर्ने उद्देश्यले गाउँपालिका अन्तर्गतका ३७ कृषक समुहका लागि विउ बोका वितरण गरिएको छ । यसबाट ९२५ कृषक लाभान्वित भएका छन् ।

४. मासुमा आत्मनिर्भर गराउने उद्देश्यले मालिका गाउँपालिका अन्तर्गतका वडा नं.१ र ८ का ३७ घर परिवार लाई ५५ वटा वंगुर वितरण कार्य सम्पन्न भएको छ ।

५. मालिका गाउँपालिका लाई दुध उत्पादनमा आत्मनिर्भर गराउने उद्देश्यले वडा नं. ४ र ५ का ५३ परिवारलाई भकारा सुधार कार्यक्रम सम्पन्न गरिएको छ ।

६. मालिका गाउँपालिकाका कृषक हरुको पोषण र आयआर्जनमा टेवा पुर्याउने उद्देश्यले वडा नं. ४,५,७र ८ का ३७ घर परिवारलाई १०४ घार माहुरी वितरण कार्य सम्पन्न भएको छ ।

७. हरियो तरकारी हरेक घर हरेक छाक उपलब्ध गराउने उद्देश्यका साथ मालिका गाउँपालिका वडा नं.१ देखि ८ सम्मका ३३ घर परिवार लाई स्थाई टनेल र १६०० घर परिवारलाई टमाटर ,सिमी, गोभि लगाएतका ९ प्रकारका तरकारीको विउ वितरण कार्य सम्पन्न भउको छ ।

८. नगदे बालिको रुपमा उखु जन्य उद्योग सञ्चालन गर्ने उद्देश्यले मालिका गाउँपालिका वडा नं.३ र ५ मा ३३९ क्विटल उखु १४५ घर परिवारमा रोपण कार्य सम्पन्न भएको छ ।

९. कृषि तथा पशु उत्पादन लाई टेवा पुर्याउने उद्देश्यले मालिका गा.पा वडा नं २ मा च्यापकटर वडा नं.३ मा उखु पेल्ने मेसिन वडा नं. ४ मा कालिजको दान बनाउने मेसिन र वडा नं. ८ मा कफि प्रसोधन मेसिन वितरण कार्य सम्पन्न भएको छ ।

१०. कृषकले उत्पादन गरेको कृषि तथा पशुजन्य उपज सहज रुपले विक्रि वितरण गर्नको लागि गाउँपालिकाका ८ वडा मा २०० किलो तौल क्षमता भएको २७ वटा तौल मेसिन वितरण गरिएको छ।

११. परियोजना बाट सञ्चालन भएका हरेक क्रियाकलाप हरुलाई चुस्त, दुरुस्त, गुणस्तरिय र प्रभावकारी बनाउनका लागि समय समयमा अनुगमन कार्य भएको छ ।

१२. मासु र आण्डामा आत्मनिर्भर हुने उद्देश्यका साथ ८ वटा वडाका १५७ जना कृषक परिवारलाई ६०५० लोकल कुखुराका चल्ला वितरण गरिएको छ।

**<u>ग. घरेलु तथा साना उद्योग</u>**

१. सीप विकास तालिम सम्वन्धी मालिका गा.पा वडा नं. ५ छापहिलेमा १ हप्ते व्यवसायीक च्याउ खेती तालिम संचालन गरिएकोमा सोहि ठाउँका १२ जना कृषकहरुले च्याउ खेति सम्बन्धी तालिम प्राप्त गरि प्रत्यक्ष लाभान्वित भएका छन।

२. मालिका गा.पा वडा नं. ५ छापहिलेमा १५ दिने व्यवसायीक मुढा बुन्ने तालिम संचालन गरिएकोमा सोहि ठाउँका ५ जना उद्यमीहरुले मुढा बुन्ने सम्बन्धी तालिम प्राप्त गरि प्रत्यक्ष लाभान्वित भएका छन।

३. मालिका गा.पा वडा नं. ३ ह्वाङदीमा ४५ दिने स्तरउन्नती सिलाइकटाई तालिम संचालन गरिएकोमा सोहि ठाउँका १७ जना महिलाहरुले सिलाइकटाई सम्बन्धी तालिम प्राप्त गरि प्रत्यक्ष लाभान्वित भएका छन।

४. मालिका गाउँपालिकाले २ महिने इलेक्ट्रिसियन तथा प्लम्विङ तालिम संचालन गरिएकोमा गाउँपालिका भित्र २५ जनाले तालिम प्राप्त गरि प्रत्यक्ष लाभान्वित हुन सफल भएका छन।

५. मालिका गाउँपालिकाले १ महिने शैलुन तालिम संचालन गरिएकोमा गाउँपालिका भित्र १६ जनाले तालिम प्राप्त गरि प्रत्यक्ष लाभान्वित भइका छन।

**घ. वन पैदावार तथा खनिज सम्पदा**

मालिका गाउँपालिका भित्रका सामुदायीक वनहरुको समन्वयमा वडा नं १ देखि ५ सम्मका ७ वटा सामुदायीक वनहरुमा करिब ९००० ओखरका बिरुवा रोपण कार्यक्रम सम्पन्न गरिएको छ।

**ङ. पर्यटन विकास**

१. मालिका पिस पार्कमा मालिका मन्दिरको निर्माण कार्य सम्पन्न गरिएको छ।

२. मालिका वडा नं ५ मा पर्ने लेक पोखरामा पैदलमार्ग निर्माण कार्य गरिएको छ।

**च. सहकारी विकास**

१. सहकारी संस्थालाई व्यवस्थापन सुचना प्रणाली (कोपोमिस) मा आवद्ध गर्नको लागि सहकारी संस्थाका व्यवस्थापक र अध्यक्षलाई लाई तालिम सम्पन्न गरिएको ।

२. उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत यस गाउपालिकामा सुचिकृत भएका सहकारी संस्थाका अध्यक्ष , व्यवस्थापक र कृषि पशु फर्मका सञ्चालक लाई १ दिने जानकारी तथा अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएको ।

३. चालु आ.ब २०८०/०८१ मा बीउ पुजि अनुदान मा विनियोजित रकम बाट सो रकम सञ्चालनका लागि विउ पुजी अनुदान वितरण कार्यविधि तयार गरि वितरणको लागि तयारि चरणमा रहेको ।

४. सहकारी संस्थाका व्यवस्थापक र कर्मचारिको लागि ७ दिने आधारभुत कम्प्युटर तालिम ११ जना लाई सञ्चालन गरिएको ।

**छ. वाणिज्य तथा आपूर्ति**

१. मालिका गाउँपालिका सम्पूर्ण वडा मा रहेका बजारहरुमा बजार अनुगमनको गरिएको छ।

**ज. श्रम तथा रोजगार र गरिबी निवारण**

१. आ.व २०८०/८१ मा कुल १५८२ जना सूचीकृत बेरोजगारहरु मध्ये १६६ जनालाई रोजगार प्रदान गरिएको,

२. वैदेशिक रोजगारीमा जाने ५७ जना कामदारहरुलाई पुन श्रम स्वीकृती गाउँपालिकाबाट प्रदान गरिएको

३. मालिका गाउँपालिकाका १ देखि ७ वडाहरुमा पालिकासँग साझेदारी गरि कुल १७ वटा आयोजना साझेदारिमा सम्पन्न गरियो ।

४. वडा नं १,२,३ र ५ मा श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गरि नेपालको संविधान, रोजगारीको हक ऐन, नियमावलि सम्बन्धी भएको व्यवस्थाहरुको बारेमा जानकारी तथा निर्देशिकामा रोजगारी सम्बन्धी रहेको व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रममा वडा कार्यालयको भूमिका बारे स्पष्ट तथा श्रमको सम्मान, राष्ट्रको अभियानको प्रचारप्रसार गरिएको।

**आर्थिक विकासमा देखिएका समस्याहरुः**

१. मालिका बासि जनताहरु संग प्रतक्ष रुपमा ठोकिने शाखा हुँदाहुँदै पनि आवश्यक मात्रामा बजेटको विनियोजन नहुनु,

२. आर्थिक विकास समितिका पदाधिकारिहरुलाई बजेटिङ सम्बन्धि पर्याप्त प्रशिक्षण र क्षमता विकास सम्बन्धि कार्यक्रमको अभाव।

३. योजना र बजेट निर्माण प्रक्रियामा समुदायको कम सहभागिता।

४. प्राकृतिक स्रोतहरुको असंगठित दोहनले दिर्घकालिन वित्तिय श्रोतहरुमा नकरात्मक असर पर्दै गएको।

५. वित्तिय योजना निर्माणका लागि आवश्यक तथ्याङ्क र जानकारिको अभावले गर्दा आर्थिक योजनाहरुको प्रभावकारि कार्यान्वयनमा समस्या हुनु,

६. स्थानीय स्तरमा उत्पादित कृषि तथा पशूजन्य उत्पादनलाई बजारिकरणको

**आर्थिक विकासका अवसरहरुः**

स्थानीय तहमा आर्थिक विकासका अवसरहरू पहिचान गर्न र तिनीहरूको अधिकतम लाभ उठाउन विभिन्न क्षेत्र र स्रोतहरूको अन्वेषण गर्न सकिन्छ। यहाँ केही प्रमुख अवसरहरू उल्लेख गरिएका छन्ः

१. **कृषि विकासः** आधुनिक कृषि प्रविधि, सिंचाइ, मल, र उच्च गुणस्तरका बीउबिजनको प्रयोग गरेर कृषि उत्पादनमा वृद्धि गर्न सकिन्छ। जैविक कृषि, बागवानी, र औषधीय बोटबिरुवाको खेतीमा लगानी।

२. **पर्यटनः** स्थानीय सांस्कृतिक, प्राकृतिक, र ऐतिहासिक सम्पदाको प्रवर्धन गर्दै आन्तरिक र बाह्य पर्यटनको विकास। होमस्टे, पर्यटन सूचना केन्द्र, र स्थानीय गाइडहरूको विकास।

३. **लघु तथा घरेलु उद्योगः** हस्तकला, बुनाइ, ढाका कपडा, माटाका भाँडा, र अन्य स्थानीय उत्पादनहरूको प्रवर्धन। साना उद्योगहरूको स्थापना र बजार व्यवस्थापन। साना तथा मझौला व्यवसायहरूको स्थापना र प्रवर्धन गर्न प्राविधिक सहयोग, वित्तीय सहायता, र तालिम कार्यक्रमहरूको आयोजना गर्न सकिने।

४. **सहकारी संस्था:** कृषि, वित्तीय सेवा, र उत्पादनमा सहकारी संस्थाहरूको स्थापना र प्रवर्धन। सहकारीहरूको क्षमता विकास र व्यवस्थापन सुधार।

५. **वन र वन्यजन्तु संरक्षण:** वनस्पति, वन्यजन्तु, र जैविक विविधताको संरक्षण गर्दै वन पर्यटन र औषधीय बोटबिरुवाको खेती। स्थानीय समुदायलाई सहभागी गराई वन व्यवस्थापन।

६. **व्यापारिक हब:** स्थानीय उत्पादनहरूको लागि बजारको स्थापना र व्यवस्थापन। व्यापार मेलाहरू, प्रदर्शनीहरू, र व्यापारिक नेटवर्किंग कार्यक्रमहरू।

७. **मानव संसाधन विकास:** सीपमूलक तालिम, व्यवसायिक शिक्षा, र उद्यमशीलता विकास कार्यक्रमहरूको आयोजना।

८. **महिला सशक्तिकरण:** महिला उद्यमशीलता प्रवर्धन, सीपमूलक तालिम, र वित्तीय सहायतामा जोड दिँदै आर्थिक गतिविधिहरूमा महिला सहभागिता बढाउने

**निष्कर्ष र सुझावहरु:**

१. आधुनिक कृषि प्रविधि र उपकरणहरूको प्रयोग गरी उत्पादनशीलता वृद्धि गर्ने।
२. सिंचाइ प्रणाली सुधार गरी वर्षभरि खेती गर्न सकिने व्यवस्था मिलाउने।
३. कृषकहरूलाई नवीनतम कृषि विधिहरूको तालिम दिने कार्यक्रम सञ्चालन गर्ने।
४. स्थानीय युवाहरूलाई विभिन्न सीप विकास तालिमहरू प्रदान गरी स्वरोजगारको अवसर सिर्जना गर्ने।
५. नयाँ उद्यमीहरूलाई प्रोत्साहन गर्न सहुलियत ऋण, परामर्श, र तालिम उपलब्ध गराउने।
६. महिला र युवाहरूलाई उद्यमशीलतामा संलग्न गराउने विशेष कार्यक्रमहरू सञ्चालन गर्ने।
७. गाउँपालिकामा रहेका प्राकृतिक र सांस्कृतिक पर्यटन स्थलहरूको प्रवर्द्धन र पूर्वाधार विकास गर्ने।
८. स्थानीय हस्तकला, कृषि उत्पादन, र परम्परागत उत्पादनलाई पर्यटनसँग जोडेर बिक्री गर्ने व्यवस्था मिलाउने।
९. स्थानीय स्रोत र सामग्रीको उपयोग गरी साना उद्योगहरू स्थापना गर्ने।
१०. स्थानीय उत्पादनको लागि बजार पहुँच बढाउन सहकारी संस्थाहरू र अनलाइन बजारहरूको उपयोग गर्ने।
११. सहकारी संस्थाहरूलाई सुदृढ गर्दै ग्रामीण अर्थतन्त्रमा तिनीहरूको भूमिका बढाउने।
१२. स्थानीय जातका गाईपालक कृषकहरुलाई प्रोत्साहन गर्ने।

धन्यवाद!

मालिका गाँउपालिका